# बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृतः २०७५।०८।१०

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

# बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५

**प्रस्तावनाः**

गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम संचालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधीको नाम **"बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५"** रहेको छ ।

२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि गण्डकी प्रदेश भर लागु हुनेछ ।

२. **बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,**

१) "कार्यक्रम" भन्नाले  बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम भन्ने सम्झनु पर्दछ।

२) "पकेट" भन्नाले प्रदेशको आबस्यकता र स्थानिय सम्भाब्यताका आधारमा सम्भाब्य वालि/वालिबस्तुमा न्यूनतम १० हेक्टरमा वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्ये तथा गोब्रे च्याउको हकमा न्यूनतम १००० के.जी बिउ उपयोग गरी खेती गरीने वा शिताके च्याउको हकमा न्यूनतम १०००० मुढामा खेती गरिने वा प्लाष्टिक घरमा गरीने खेतीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा फैलिएको वा ट्राउट माछाको हकमा न्युनतम १५०० वर्ग मिटर जलाशय क्षेत्रफलमा फैलिएको जिल्ला स्तरमा संचालन गरेको साना उत्पादन केन्द्र सम्झनु पर्दछ ।

३) "आवेदक" भन्नाले बाली पकेट क्षेत्र निर्माणको लागि अनुदान लिनका लागि मन्त्रालय वा मन्त्रालय मातहत निकायसमक्ष आवेदन दिएका  कृषि फर्म, कृषि कम्पनी ,कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउदछ।

४) "अनुदानग्राही" भन्नाले बाली पकेट क्षेत्र निर्माणको लागि अनुदान पाउनका लागि दफा ७ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ ।

५) "स्थानीय तह" भन्नाले यस कार्यविधी अनुरुप कार्यक्रम सञ्चालन हुने सम्बन्धित नगरपालिका र गाऊंपालिका   भन्ने सम्झनु पर्दछ । नगरपालिका भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउंदछ ।

६) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश लाई सम्झनु पर्दछ ।

७) "निर्देशनालय" भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ।

८) "केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

९) "कार्यदल" भन्नाले दफा ७(२) बमोजिमको प्राविधिक कार्यदल भन्ने सम्झनु पर्दछ ।

१०) "समिति" भन्नाले पकेट संचालक समिति भन्ने सम्झनु पर्दछ ।

११) "व्यवसायिक खेती" भन्नाले अनुसूची-५ बमोजिमको खेती गरेको सम्झनु पर्दछ ।

१२) "मातहतका कार्यालय वा निकाय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

**३. कार्यक्रम सञ्चालनको उदेश्यः**

यस कार्यविधि बमोजिम यस कार्यक्रमको उदेश्य देहायबमोजिम हुनेछ।

क) बिभिन्न बालिको पकेट क्षेत्रहरु बिकास गरी कृषि क्षेत्रको बिकासमा योगदान पुर्याउने।

ख) बाली/बस्तुको उत्पादन र उत्पादकत्व वृदि गर्ने ।

ग) स्वरोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी वृदि गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

**४. कार्यक्रम सञ्चालन :** मन्त्रालय वा मन्त्रलाय मातहत निकायमार्फत कार्यक्रम सञ्चालन हुनेछन् ।

**५. पकेट क्षेत्र निर्माणको मापदण्ड :** पकेट क्षेत्र निर्माणका लागि देहायका सेवा/सुबिधा/पुर्वाधारहरु भएको हुनुपर्नेछ :

क) सडक पहुँच भएको वा हुन सक्ने

ख) सिंचाईको उपलब्धता

ग) बिधुत उपलब्धता

घ) तोकिएको क्षेत्रफल चक्लाबन्धि भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) बित्तिय संस्थाहरुको पहुँच भएको वा हुन सक्ने

च) स्थानीय तह वा समूह/सहकारीबाट साझेदारीको लागि भएको माग

छ) प्रदेश सरकारले तोकेको प्राथमिकता प्राप्त बाली तथा बस्तु

ज) कृषक, समूह, सहकारीको इच्छाशक्ति/जागरूकता वा लागत सहभागिता

**६. प्रस्ताव माग गर्ने :**

१) बाली पकेट क्षेत्र निर्माणको लागि सहयोग पुर्याउन अनुदान दिने उदेश्यले सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र । केन्द्रले ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामार्फत प्रस्ताव आह्वान गरी अनुसूची–१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । साथै उक्त सूचना मन्त्रालय, निर्देशनालयको वेवसाईट, ज्ञान केन्द्र र स्थानीय तहको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ । सुचना प्रकाशन गर्दा दफा ५ पकेट क्षेत्र निर्धारणका आधारहरू सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

२) सूचना प्रकाशन भए अनुरुप कृषक, समुह, सहकारीले देहायबमोजिमका सबै प्रमाण संलग्न गरी अनुसूची–२ बमोजिम निवेदनको साथमा अनुसूची–३ बमोजिम भरिएको प्रस्ताव पेश गर्न सक्नेछन्।

क) माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी एक प्रति ।

ख) सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

ग) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले बाली पकेट क्षेत्र निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

**७. छनौट प्रक्रियाः**

१) दफा ६ को उपदफा (२) बमोजिम प्राप्त प्रस्तावहरु उपर भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्बराशक्तिको परिक्षण गरिनुपर्नेछ ।

२) आबस्यक संख्यामा पकेटका लागि जिल्ला स्तरमा सम्बन्धित केन्द्र प्रमुखको संयोजकत्वमा आबस्यकता अनुसार विषय विज्ञ सदस्य रहने एक प्राविधिक कार्यदल बनाईनेछ ।

३) उक्त कार्यदलले तोकेका सुचनाहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिस गरेअनुरुप पकेट क्षेत्रको छनौट मन्त्रलाय वा निर्देशनालयले गर्नेछ ।

४) दफा (८) बमोजिमको पकेट संचालन समिति र मन्त्रालय वा मन्त्रालय मातहत निकायबीच कार्यक्रम संचालनका लागि अनुसूची-४ बमोजिम एक सम्झौता हुनेछ । पकेट संचालन समितिले सम्बन्धित पकेट क्षेत्रको कृषक समुह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरुको मागमा आधारित कार्यक्रमको प्रस्तावाना तयार तरी सोही बमोजिम सम्झैता गरिनेछ ।

५) यस आ.व.मा यस प्रदेश भरमा माथि उल्लेखित पूर्वाधारहरु भएको कुल ३६ वटा पकेट क्षेत्रहरु संचालनमा आउनेछन ।आगामी वर्षमा संभाव्यता र मागका आधारमा पकेट संख्या वृदि गर्दै लगिनेछ।

## परिच्छेद ३

## पकेट संचालन प्रक्रिया

८. (१) पकेट संचालनका सम्बन्धमा मन्त्रालय वा मन्त्रालय मातहत निकायसँग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा दफा (७) बमोजिम स्थापना भएको पकेट क्षेत्रको ब्यवस्थापनका लागि सम्बन्धित कृषक समुह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिका सदस्यहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट संचालन समिति गठन गरिनेछ। यसको लागि पकेट क्षेत्र छनौट भएपछी पकेट क्षेत्रभित्र रहेका कृषक समुह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुलाई पकेट संचालन समुह गठनको लागी ७ दिन म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानिय संचार माध्यम मार्फत आव्हान गरिने छ । कार्यदलको सिफारिस अनुसार एक भन्दा बढी आबेदक लाई संयुक्त रुपमा समिति गठनको लागी अनुरोध गर्न सकिने छ । तोकिएको अबधिमा समिति गठन भई नआएमा मन्त्रलाय वा मन्त्रालय मातहत निकायले सहजिकरण गरि १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ । समुहको सदस्यहरु सम्बन्धित बाली/बस्तुको ब्यबसायिक खेतीमा अनिबार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समुहमा संयोजक, उपसंयोजक, सचिब र सहसचिब एक-एक जना र बाँकि ५ जना सदस्य रहने छन् । पकेट संचालन समितिको प्रमुख कार्यकारी पदमा कम्तिमा २ जना महिला हुनुपर्ने छ । तर कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कम्पनी वा फर्मको हकमा सोहि कृषि उद्यमी, कम्पनी वा फर्मका संचालक नै पकेट संचालक समितिको भूमिका निर्वाह गर्नेछन् ।

(२) समूह, सहकारी संस्थाको सन्दर्भमा सामुहिक निर्णय व्यक्तिगत जिम्मेवारी/जवाफदेहिताका आधारमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**९. पकेट संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) पकेट संचालनका लागी आवश्यक उत्पादन सामाग्रिहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने ।बालि चक्रको लागि उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने ।

२) मन्त्रालय वा मन्त्रालय मातहत निकायसँगको समन्वयमा आवश्यक उत्पादन सामाग्रिहरुको ब्यबस्थापन गर्ने ।

३) पकेट क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आबश्यक समन्वय गर्ने ।

४) पकेटलाई ब्यवस्थित रुपमा संचालनका लागी आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी /कृषि उद्यमी/जल उपभोक्ता लगायत सँग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

५) पकेट निर्माण,ब्यबस्थापन, संचालन र अनुगमन सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

६) पकेट संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपम र आवश्यकता अनुसार अन्य समयमा समेत बस्न सक्नेछ । बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

७) पकेट संचालन सम्बन्धि आन्तरिक आचारसहिता (गद्वघङ्ग द्वद्द गद्वथघलग□ ) आबश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

८) कार्यक्रमको दिगोपनाको लागी समुहको अवधि र समुहका पदाधिकारी तथा सदस्यको पदाबधि समुहले आबस्यकता अनुसार निर्धारण गर्नेछ ।तर समुहका पदाधिकारीहरुको पदावधि २ बर्ष भन्दा बढि हुने छैन । समुहमा एकै परिवारका एक भन्दा बढी ब्याक्ति रहन सक्ने छैन र एकै ब्याक्ति लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन । तर सदस्यको हकमा यो ब्यबस्था लागु हुने छैन ।

९) समिति गठन भएको ६ महिना भित्र उक्त समुह कृषि ज्ञान केन्द्रमा निर्धारित प्रक्रिया अनुरुप दर्ता हुनुपर्नेछ । उक्त समुहको नियमित नबिकरण गर्ने जिम्बेवारी समुहको हुनेछ ।

१०)पकेट स्तरमा संचालन हुने सम्पुर्ण क्रियाकलाप र आर्थिक प्रचलित कानुन बमोजिम ब्यवस्था गर्ने तथा जिम्मेवारि बहन गर्ने ।

११) पकेट क्षेत्रमा उत्पादित बस्तुको मुल्य निर्धारण, बजारीकरण, प्रशोधन लगाएतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरि ब्यबस्थीत गर्ने ।

१२) समुहमार्फत संचालन गरीने आर्थीक कारोवारहरुको लेखा ब्यवस्थापन तथा लेखा परिक्षण प्रतिबेदन तयार गर्ने ।

१३) पकेट क्षेत्रमा अन्य आवस्यक ब्यबस्थापकीय कार्यहरु गर्ने ।

## परिच्छेद ४

## सचालन गरिने कार्यक्रम

### १०. स्थानिय स्तरमा परियोजना अभिमुखीकरण

मन्त्रालयले पकेट क्षेत्रका कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समुह/कृषि उद्यमि, कृषि उपज बजार व्यवस्थापन समिति, निजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा परियोजना र पकेट संचालन सम्बन्धमा जिल्लास्तरमा र सम्बन्धत पकेटस्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

### ११. चालु तथा पूंजिगत अनुदान कार्यक्रमहरु

#### १) चालु अनुदान

**क) उत्पादन प्रबिधि प्रदर्शन**

मन्त्रालयले सम्बन्धित पकेट क्षेत्रमा सहभागितात्मक नबिन उत्पादन प्रबिधि प्रदर्शन तथा स्थलगत तालिम लगायतका प्रबिधि हस्तान्तरणमा सतप्रतिशत अनुदान रहनेछ ।

**ख) उत्पादन सामाग्रि सहयोग**

मन्त्रालयले सम्बन्धित पकेट क्षेत्रका लागि उन्नत बिउ/बेर्ना/बिरुवा/माछा भुरा/रसायनिक एवं जैबिक बिषादी/रासायनिक तथा प्राङ्गारिक मलजस्ता उत्पादन सामग्रि सहयोग गर्नेछ । उपरोक्त बमोजिमका उत्पादन सामाग्रिहरुमा मन्त्रालयको तर्फबाट ५० प्रतिशत अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङ्गारिक मलको हकमा बिद्यमान ब्यवस्था बमोजिमको अनुदान सहयोग रहनेछन् ।

**ग) अन्य कार्यक्रमहरु**

यसका अलवा पकेट संचालक समुहको माग र स्थानिय संभाब्यताका आधारमा परियोजना दस्तावेज मर्म अनुरुपका अन्य चालु खर्च अन्तर्गतका कार्यक्रमहरु समेत तर्जुमा गरि संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रबृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा गरिएको सन्दर्भमा बार्षिक बजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदानको ब्यवस्था गरिनेछ ।

#### २) पूजिगत अनुदान

पूंजिगत अनुदान बापत प्रत्येक पकेटका लागी निश्चित बजेट बिनियोजन गरिनेछ ।बिनियोजित बजेटको परिधिभित्र रहि पूंजिगत आवस्यकताका क्षेत्रहरु जस्तै मेसिनरी औजार, सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (रूभ्रुचङ्ग्भ्रुञथज छतद्वद्व्च,‸□द्व्चकजङ्ग

भ्रद्वलङ्ग, गद्वततङ्गग□त्रद्वथ गङ्गथ□ङ्गच) लगायतका पूर्वाधार बिकासमा खर्च गर्न सकिनेछ । यस्ता प्रकृतिका पूँजिगत कार्यक्रमहरु सन्चालन गर्दा मेशिनरी औजारको लागी बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाई र आवश्यक संरचना निर्माण लगायतका पूर्वाधारमा बढीमा ८५ प्रतिशत र उत्पादनोपरान्त तथा कृषि ब्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत प्रदेश सरकारको तर्फबाट अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ५

## कार्यक्रम अनुगमन/प्रतिबेदन

**१२. अनुगमन तथा मूल्याङकन :**

१) पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय तथा केन्द्रले अवश्यकता अनुसार गर्नेछ ।

२) मन्त्रालय र निर्देशनालयले यस कार्यबिधि अनुरुप संचालित पकेटको अनुगमन निरिक्षण गरी निर्देशन दिन सक्नेछन् र सो निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

३) मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट बमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति बिबरण मन्त्रालयले बनाउनुपर्दछ ।

४) कार्यक्रम सँचालन पश्चात अनुसूची-६ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद ६

## विविध

**१३ : कारबाहीको ब्यवस्था .** सम्झौता अनुरुप काम नगर्ने पकेट संचालन समितिलाई मन्त्रालयले अनुदान रकम रोक्न सक्नेछ ।यस कार्यबिधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलितत ऐन नियम बमोजिम कारबाही गरिनेछ ।

**१४.** समितिले यस कार्यबिधि अनुसार संचालन हुने कामको बिस्तृत बिवरण, लागत, निर्माण स्थलमा टाँस्ने ब्यवस्था गर्नुपर्नेछ ।

**१५.** समितिले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

**१६ः बाधा अड्काउ फुकाउ .** यस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु बिद्यमान नर्मस, कार्यबिधि, निर्देशिका र प्रचलित नियम कानुन बमोजिम हुनेछ । यस कार्यबिधिमा कार्यान्वयनमा केही बाधा ब्यवधान परेमा वा बिवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

**१७. संशोधन र खारेजी :** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१

# बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने **बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन** सहयोगका लागि विभिन्न चालु र पुँजीगत खर्चहरूमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा देहायबमोजिमको परियोजना सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | परियोजनाको किसिम | अनुदान सहयोग | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | पकेट विकास कार्यक्रम | चालु र पुँजीगत शिर्षक | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।<br>• कृषक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि।<br>• सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र । | |

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्ताव ढांचा यस कार्यालयबाट वा कार्यालयको वेभसाईट बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु
Email- molmacprovince4@gmail.com
Website - molmac.p4.gov.np,
फोन नं ०६१-४६७८८५

**अनुसूचि–२**

**पकेट विकास कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा**

| |
|---|
| रु १० को<br>टिकट |

मिति : ...........................

श्रीमान् प्रमुख ज्यू<br>
कृषि ज्ञान केन्द्र ....................

**विषयः पकेट कार्यक्रम संचालन सम्बन्धमा ।**

महोदय,

म/हामी यस निवेदन फाराममा हस्ताक्षर भएका व्यक्तिहरूबाट **गण्डकी प्रदेश.पा.न ,/गा .पा.** ............ .वडा नं ...........................................**स्थान** मा अवस्थित .............................. ...................................................................**पकेट कार्यक्रम संचालन** अयोजनाको लागि त्यस कार्यक्रमबाट सहयोग पाँउ भनि रू .......। )अक्षरूपी रू. ......................का दरले राजश्व ( दाखिला गरेको बैंक भैचार वा नगदै पेश गरीकार्यक्रम कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट, खेती विवरण र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छु/छै । मैले/हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छैं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छैं । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छैं ।

**निवेदक**

उद्धमी, कृषक समूह/सहकारी/संस्थाको<br>
अध्यक्ष/प्रतिनिधिको नामः<br>
हस्ताक्षरः<br>
सम्पर्क नं.<br>
मितिः<br>
संस्थाको छापः

## अनुसूची–३

# प्रस्तावको ढाँचा

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्रा चिन्ह लगाउने) | १.कृषक समुह<br>२.कृषि फर्म<br>३.कृषि सहकारी संस्था<br>४.कृषि कम्पनी |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

## २) प्रस्तावनाको औचित्य तथा महत्व

तालिका : ...........................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| **जम्मा** | | | | | |

## ३) फर्मले लागत साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-

## ४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| **क्र.सं.** | **क्रियाकलाप विवरण** | **ईकाई** | **परिमाण** | | | **सम्पन्न गर्ने मिति** |
|---|---|---|---|---|---|---|
| | | | **हाल** | **थप गने** | **जम्मा** | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ५) बार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)

निष्कर्ष : प्रस्तावित परियोजनामा बार्षिक रुपमा ..................के.जी. .............उत्पादन हुने र उत्पादित बस्तुको विक्रिवितरणबाट बार्षिक रु. .............................. कुल आम्दानी गरिने योजना बनाईएको छ । फर्मको प्रस्तावित योजना अनुसार बार्षिक ..........................रुपैंया मुनाफा हुने र लाभ लागत अनुपात ................... मा रहने छ ।

## ७. लागत साझेदारी

यस संस्थाले संचालन गर्ने यो परियोजनाको कुल लागत करिव रु. ............................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. ................................... अपेक्षा गरिएको छ जुन कुल लागतको .............. प्रतिशत मात्र हो ।

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **बाषिक खर्च (रु.)** | **अनुदान उपलब्ध गराउने संस्थाको (रु.)** | **अनुदानग्राहीको लागत (रु.)** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पुंजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पुंजी निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हांसिल गर्नेछ । बार्षिक .............. के.जी. .................. उत्पादन एवं विक्रिवितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत बार्षिक रुपमा ...........जनालाई नियमित र ..................जना/दिनको रोजगारी उपलब्ध गराउने र बार्षिक रु. ................... रकम मुनाफा लिन सकिने भएको हुंदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

## अनुसूची ४ (सम्झैता पत्र)

यस कार्यालयको आ.व. ०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "**पकेट विकास कार्यक्रम**" कार्यान्वयन हुने सिलसिलामा ............ जिल्ला ..............नगरपालिका वडा न......... स्थित श्री ................. पकेट संचालक समिति (यस पछि दोश्रो पक्ष भनिने) र .........................., .......... (यसपछि प्रथम पक्ष भनिने) बीच तपसिलमा उल्लेख भए अनुसारको शर्तहरुमा सहमत भई यो सम्भौता पत्रमा हस्ताक्षर गरि दुवै पक्ष बीच लियौ /दियौ ।

१. प्रथम पक्षले पकेट विकास कार्यक्रम संचालनको लागि चालु अनुदान (जस्तै : मल, बीउ, बेर्ना, सुक्ष्मतत्व, विषादी आदी) अन्तर्गत ५० प्रतिशत अनुदान वा बढीमा रु .............. (...........) रकम दोश्रो पक्षलाई बढीमा तीन किस्तामा उपलब्ध गराईनेछ ।

२. प्रथम पक्षले पकेट विकास कार्यक्रम संचालनको लागि पुँजीगत अनुदान अन्तर्गत साना सिंचाईमा ८५ प्रतिशत, मेशीनरी औजारमा ५० प्रतिशत र पोष्ट हार्भेष्टमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउनेछ । यसरी अनुदान उपलब्ध गराउँदा बढीमा रु ............. (................) रकम दोश्रो पक्षलाई बढीमा तीन किस्तामा उपलब्ध गराईनेछ ।

३. प्रथम पक्षले स्वीकृत कार्यक्रम अनुसारको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत तालिम, गोष्ठी दोश्रो पक्षलाई उपलब्ध गराईनेछ ।

४. दोश्रो पक्षले सम्भौता भएको मिति देखि नै तुरुन्त कार्य शुरु गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले यस **"बिभिन्न बालीका पकेट क्षेत्र प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५"** बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

६. समितिको काम, कर्तव्य र अधिकार  यसै कार्यविधि अनुसारको हुनेछ ।

७. दोश्रो पक्षले चालु अनुदान तथा पुँजीगत अनुदान अन्तर्गतका कार्यक्रमहरु संचालन गरेको बिल, भरपाईहरु र संचालक समितिको निर्णय गरी, गराई कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि प्रथम पक्षले ब्रऋ एबथभभ चेक मार्फत दोश्रो पक्षको बैंक खातामा अनुदान रकम बढीमा तीन किस्तामा उपलब्ध गराईनेछ ।

८. सम्भौतामा उल्लेखित काम सम्पन्न गर्ने सिलसिलामा कुनै प्रकारको दुर्घटना पर्न गएमा त्यसको खर्च वा क्षतिपूर्ति प्रथम पक्षले व्यहोर्ने छैन ।

९. दोश्रो पक्षले आ.व. ०७५/७६ भित्र सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्ने छ ।

१०. यो सम्भौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

**दोश्रो पक्ष**

नाम :

दस्तखत :

नाम :

दस्तखत :

संस्थाको नाम :

खाता नं:

दोश्रो पक्षको छाप:

नाम :

पद :

दस्तखत :

पद :

दस्तखत :

कार्यालय : भु.न.पा., कृषि विकास शाखा

**प्रथम पक्ष**

नाम :

पद :

दस्तखत :

कार्यालय : भु.न.पा. अर्घाखाँची

प्रथम पक्षको छाप:

ईति सम्बत् २०७५ साल          महिना          गते रोज          मा शुभम् ।

# अनुसुची-५

## व्यवसायिक खेती मापदण्ड

| बालि | क्षेत्रफल | | | कैफियत |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | |
| खाध्यान्न बाली | ५ रोपनि | ५ रोपनि | १० कट्ठा | |
| तरकारी बाली | २ रोपनि | ३ रोपनि | १० कट्ठा | |
| माछा | | २ रोपनि | ६ कट्ठा | जलासय |
| मौरी | १० | २० | २० | आधुनिक घार |
| कन्य र गोब्रे च्याउ | | १० के.जी | १० के.जी | बिउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफुल | १ रोपनि | २ रोपनि | ५ कट्ठा | |
| अलैंची | ५ रोपनि | ५ रोपनि | - | |
| अदुवा/बेसार | १ रोपनि | २ रोपनि | ५ कट्ठा | |
| ट्राउट माछा | १०० बर्ग मिटर | १०० बर्ग मिटर | - | |
| प्लाष्टिक घर | ३०० बर्ग मिटर | ३०० बर्ग मिटर | ३०० बर्ग मिटर | |

## अनुसूची-६

## उपलब्धि अनुगमन सूचक

१. पकेटको नाम, ठेगानाः

२. संचालकको नाम, ठेगानाः

३. व्यवसाय :

४. लाभान्वित घरधुरी संख्याः

५. पकेटको जम्मा क्षेत्रफलः

६. पकेटबाट मुख्य बजार र रहेको दुरीः

७. पकेटको प्रकार क) नयाँ ख) पुरानो

८. प्रदेश सरकारबाट अनुदार प्राप्तः हो वा होइन ।

९. रोजगारीको अवस्था

खेतीमा संलग्न परिवार संख्या | महिलाः | पुरुषः |

पुरै समय रोजगार संख्याः

आंशिक रोजगार संख्याः

**१०. हालको व्यवसायिक विवरण**

| सि . .नं | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति | प्रविधि प्रयोग | पकेट संचालन पश्चात उत्पादनमा भएको बृद्धि | पकेट संचालन पश्चात रोजगारीमा भएको बृद्धि | पकेट संचालन पश्चात भएको पूर्वाधार विकास | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५. | | | | | | | | | | |

जम्मा वार्षिक लगानी रु.

अनुदानबाट प्राप्त रकम रु.

सरदर वार्षिक आम्दानी रु.

सरदर वार्षिक पारिवारिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशत :

व्यवसाय सञ्चालनको वर्षः

**आफ्नै पहलमा संचालन भए, गरेका कार्यहरू**

१.

२.

३.

**आगामी योजनाहरु .....**

१.

२.

३.